## गण्डकी प्रदेश सरकार
## सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## पोखरा, कास्की, नेपाल

### पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१७**

यस मन्त्रालय मातहत संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की अन्तर्गत डायलायसिस सेवा केन्द्रमा स्वास्थ्य सेवा प्रवाहको लागि तपसिलका पदहरुमा गण्डकी प्रदेश "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ।

### तपशिलः

| क्र. सं | विज्ञापन नं. | पद | तह | न्युनतम शैक्षिक योग्यता | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १०/०७९-८० | नेफ्रोलोजिष्ट | नवौं | नेफ्रोलोजि विषयमा स्नातकोत्तर तह उत्तिर्ण | १ |
| २ | ११/०७९-८० | मेडिकल अधिकृत | आठौं | एम.बी.बी.एस वा सो सरह उर्त्तिण | ५ |
| ३ | १२/०७९-८० | स्टाफ नर्स | पाँचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह उर्त्तिण | २० |
| ४ | १३/०७९-८० | ल्याब टेक्निसियन | पाँचौं | मेडिकल ल्याव टेक्नोलोजी विषयमा प्रमाणपत्र तह उर्त्तिण | २ |
| ५ | १४/०७९-८० | फार्मेसी सहायक | पाँचौं | फार्मेसी विषयमा प्रमाणपत्र तह उर्त्तिण | २ |
| ६ | १५/०७९-८० | रेडियोग्राफर | पाँचौं | रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उर्त्तिण | २ |
| ७ | १६/०७९-८० | हेल्थ असिस्टेन्ट | पाँचौं | सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उर्त्तिण | १ |
| ८ | १७/०७९-८० | बायोमेडिकल टेक्निसियन | पाँचौं | आई. एस्सी. वा विज्ञान विषय लिई १२ कक्षा उत्तीर्ण गरी बायोमेडिकल टेक्निसियनमा कम्तिमा एक बर्षको तालिम वा बायोमेडिकल ईन्जिनियरिङमा प्रमाणपत्र तह उत्तीर्ण | १ |

**नोटः**

१. दरखास्त फारामः यस मन्त्रालयको वेभसाईट **mohp.gandaki.gov.np** मा दिइएको फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरु सहित संक्रामक तथा सरुवा रोग अस्पताल, कास्कीमा दरखास्त पेश गर्नु पर्नेछ।

२. दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरुः
   - क. उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, म्याद कामय रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्वन्धी प्रमाण पत्रको प्रतिलिपी।
   - ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।
   - ग. दरखास्त दिने अन्तिम दिन भित्र माथि २.क. मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्ने छ। साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ। रित नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिने छैन।

३. काम गर्नुपर्ने स्थानः संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की।

४. दरखास्त दस्तुरः नवौं तहको लागि रु. १२००।– (बाह्र सय), आठौं तहको लागि रु. १०००।– (एक हजार) र पाचौं तहको लागि रु. ५००।– (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ। (नोटः दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारामसाथ पेश गर्नु पर्नेछ।)
   - क. कार्यालयको नामः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश।
   - ख. कार्यालयको कोड नं. : ३५५०१३९०१४
   - ग. राजश्व शीर्षक नं. : १४२२४ (परीक्षा शुल्क)
   - घ. बैक खाता नं : १०००१००२०००१०००० (सम्वन्धित जिल्लाको सरकारी कारोवार गर्नेः- राष्ट्रिय बाणिज्य बैंक)
   - ङ. बैंक खाता नं : २७३०२००००००१००१००००००१ (सम्वन्धित जिल्लाको सरकारी कारोवार गर्नेः- नेपाल बैंक लिमिटेड)

५. दरखास्त दिने अन्तिम मितिः २०८०/०१/०३ गते आइतबार कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म हुनेछ।

६. परीक्षाको किसिमः अन्तरवार्ता [सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, रामघाट, पोखरामा मिति २०८०/०१/०४ गतेबाट सञ्चालन हुनेछ]

७. तलवः प्रचलित कानून बमोजिम सम्वन्धित तहको शुरु तलब स्केल मात्र उपलब्ध हुनेछ।

८. उम्मेदवार हुनको लागि योग्यताः
   - क. नेपाली नागरिक हुनुपर्नेछ।
   - ख. उमेरको हकमा प्रचलित नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ अनुसार हुनुपर्नेछ।
   - ग. भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।
   - घ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्नेछ।

९. अन्य विस्तृत जानकारीको लागि यस मन्त्रालयको वेभसाइट **mohp.gandaki.gov.np** मा हेर्नु हुन अनुरोध छ।

पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति